# प्रदेश समन्वय परिषद्को नवौं बैठकका निर्णयहरु

बैठकको मिति : २०८२/०१/२५ गते
बैठकको समय : ११ बजे

निर्णयहरु

१. प्रदेश समन्वय परिषदको बिगतमा बैठकहरुमा भएका निर्णयहरुको पुनरावलोकन एवम् समीक्षा गरियो । निर्णय गर्दा कार्यान्वयनयोग्य निर्णयहरु गर्नुपर्ने शिक्षा लिईयो।

२. कर्णाली प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति योजना तथा कार्यक्रम तर्जुमाका सन्दर्भमा छलफल गरियो । कर्णाली प्रदेश सरकारको नीति योजना तथा कार्यक्रममा देहायको विषयक्षेत्र अन्तर्गत रही तर्जुमा गर्न सुझाव दिने:-

- प्रदेश तथा स्थानीय तहले योजना तर्जुमा गर्दा दोहोरोपना हुन नदिने गरी आवश्यक व्यवस्था गर्नुपर्ने ।
- प्रदेशले आयोजना छनौट गर्दा मागमा आधारित आयोजना छनौटमा प्राथमिकता दिनुपर्ने ।
- मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रमलाई उत्पादनमूलक, आयमूलक र सीपमूलक कार्यसंग जोड्ने ।
- कर्णाली प्रदेशका प्रमुख सम्भावना र रोजगारीका क्षेत्रहरुमध्ये कृषि, घरेलु र पर्यटन क्षेत्रको विकासका लागि विशेष कार्यक्रम ल्याउनुपर्ने ।
- स्थानीय तहमा समेत आगामी वर्ष आयोजना बैंक सूचना प्रणालीको कार्यान्वयन गर्ने ।
- कर्णाली प्रदेशका विभिन्न जिल्ला र स्थानीय तहहरुबीच आज उठाईएको सीमा विवादको समस्यालाई सम्बोधन गर्न संस्थागत रुपमा प्रयत्न गर्ने ।

३. अन्तर तह समन्वयका सम्बन्धमा तीनै तहको समन्वय एवम् अन्तरसम्बन्धलाई प्रभावकारी बनाउन आगामी वर्ष गाउँपालिका,नगरपालिका र जिल्ला समन्वय समितिबीच वर्षको कम्तिमा एकपटक आपसमा र आवश्यकता अनुसार कर्णाली प्रदेश सरकारसँग समेत दोहरो छलफल एवम् सम्वाद गर्ने गरी, राष्ट्रिय समन्वय परिषदमा सुझाव दिन सकिने विषयमा नीतिगत बहस समेत गर्ने प्रयोजनका लागि विभिन्न अन्तरक्रिया एवम् अभिमुखिकरणका कार्यक्रम सञ्चालन गर्ने ।

४. कर्णाली प्रदेश अन्तर्गतका सबै स्थानीय तहले आफ्नो स्वीकृत संगठन संरचना अनुसारका दरबन्दी र रिक्त पदहरुको विवरण यथाशीघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

५. वास्तविक र कार्यान्वयन योग्य योजना निर्माणका लागि प्रत्येक स्थानीय तहले आगामी आ.व. देखि परियोजना बैंक स्थापना र छनौट गरेर लागू गर्ने।

मुख्यमन्त्री

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल